संघीय संसद

# राष्ट्रिय सभा

चौथो अधिवेशन

## बैठक - ४

सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ वैशाख २४ गते मंगलबार

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको चौथो बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले सभा समक्ष प्रस्तुत गर्नु भएको "सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०७६ वैशाख २० गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल जारी रहेको जानकारी गराउँदै छलफलमा भाग लिन चाहनुहुने निम्न बमोजिमका माननीय सदस्यहरुलाई समय दिनुभयो :

माननीय कालीबहादुर मल्ल
माननीय सरिता प्रसाईं
माननीय दिल कुमारी रावल (पार्वती)
माननीय धनकुमारी खतिवडा
माननीय जीवन बुढा
माननीय ठगेन्द्र प्रकाश पुरी
माननीय कमलाकुमारी ओली
माननीय विन्दादेवी आले (राना)
माननीय बलराम प्रसाद बाँस्कोटा
माननीय शेर बहादुर कुँवर
माननीय सुमनराज प्याकुरेल
माननीय अनिता देवकोटा
माननीय शान्ती कुमारी अधिकारी जि.सी.
माननीय चन्द्र बहादुर खड्का
माननीय सिंग बहादुर विश्वकर्मा
माननीय खिम कुमार वि.क.
माननीय डा. विमला राई पौडयाल
माननीय जितेन्द्र नारायण देव
माननीय दिनानाथ शर्मा ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको घोषणा गर्दै दिनको ३:४५ बजे १५ मिनेटको लागि बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

सम्माननीय अध्यक्षले १५ मिनेटको लागि स्थगित गरिएको बैठक दिनको ४:०५ बजे प्रारम्भ भएको घोषणा गर्नुभयो ।

बैठकको प्रारम्भमा सम्माननीय अध्यक्षले आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरुले उठाउनु भएका विषयहरूका सम्बन्धमा सभा समक्ष जवाफ दिन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्रीको जवाफका सम्बन्धमा आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथि छलफलमा भाग लिनु भई स्पष्टीकरण माग गर्न चाहनुहुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय दिनुभयो :

माननीय अनिता देवकोटा
माननीय धनकुमारी खतिवडा
माननीय बद्रीप्रसाद पाण्डे
माननीय बिन्दादेवी आले
माननीय वृषेश चन्द्र लाल
माननीय जितेन्द्र नारायण देव
माननीय मुक्ता कुमारी यादव
माननीय प्रकाश पन्थ
माननीय रमेशजंग रायमाझी
माननीय सरिता प्रसाईं
माननीय तारादेवी भट्ट
माननीय रमेश प्रसाद यादव
माननीय राधेश्याम अधिकारी ।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफल समाप्त भएको घोषणा गर्दै आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथि प्राप्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिका संयुक्त संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट संशोधनकर्ता माननीय राधेश्याम अधिकारीले पेश गर्नुभएको संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दा उक्त संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिका संशोधनकर्ता माननीय वृषेश चन्द्र लालले पेश गर्नु भएको संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दा उक्त संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्नुभयो ।

त्यसपश्चात्, सम्माननीय अध्यक्षले आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिका संशोधनकर्ता माननीय रमेश प्रसाद यादवले पेश गर्नु भएको संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दा उक्त संशोधन प्रस्ताव बहुमतले "अस्वीकृत" भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्दा उक्त नेपाल सरकारको नीति तथा कार्यक्रम "बहुमतले" पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सभाको अर्को बैठक २०७६ साल वैशाख २५ गते बुधबार दिनको २.०० बजे बस्ने गरी अपरान्ह ५:३० बजे आजको बैठक अन्त्य भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव